परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १४४ पृष्ठ ४ २०८० कार्तीक १७ गते, शुक्रबार 3 Nov., 2023 मूल्य रु. ५/-



समाचार पृष्ठ ४ मा

**टी-२० विश्वकपको फाइनलमा उत्कृष्ट खेल्ने २ नेपाली खेलाडीलाई ठाकुरले ५०/५० हजार नगद दिने**

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

# '१४ वर्षीया सरिता मधेश प्रदेश सरकारको स्वास्थ्यमन्त्री'




● टक नेपाल

जनकपुरधाम । कक्षा सातमा अध्यनरत धनुषाको कमला नगरपालिकाकी १४ वर्षीया किशोरी सरिता कुमारी यादव मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री बन्नु भएको छ । अन्तर्राष्ट्रिय बालिका दिवसको अवसरमा ११ अक्टोवरदेखि सुरु भएको प्लान इन्टरनेशनल नेपालको 'गर्ल्स टेक ओभर' अर्थात् 'बालिका तथा किशोरीलाई पद हस्तान्तरण' कार्यक्रमअन्तर्गत बिहीबार प्रतिकात्मक रुपमा उहाँलाई मधेश प्रदेश सरकारको स्वास्थ्यमन्त्री बनाइएको हो । मधेश प्रदेश सरकारका स्वास्थ्यमन्त्री बिरेन्द्र बहादुर सिंहले आफू बसेको कुर्सी खाली गरेर सरितालाई केही बेरका लागि मन्त्री पदको जिम्मेवारी हस्तान्तरण गर्नुभएको थियो । मन्त्रीको पदभार ग्रहण गरेपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिनुहुँदै सरिताले जिवनमा मन्त्री बन्छु भन्ने कुरा कहिले पनि आफुले नसोचेको र आज आफु मन्त्रीको कुर्सीमा बिरजमान भएपछि आफुलाई भाग्यमानी ठानेको बताउनुभयो । केहीबेरका लागि मन्त्री बन्नेका सरिताले स्वास्थ्य मन्त्रालयमा उपस्थित कर्मचारीहरुसँग मन्त्रालयको कार्यक्षेत्र र हालसम्म मन्त्रालयले गरेका कामकाजको विषयमा जानकारी समेत लिनु भएको थियो । उहाँलाई मन्त्रालयको कार्यक्षेत्र र मन्त्रालयले गरेको कामकाजका बारे मन्त्रालयको स्वास्थ्य महाशाखा योजना प्रमुख डा.सुचित शर्माले जानकारी गराउनु भएको थियो । साथै आम नागरिकलाई स्वास्थ्य क्षेत्रमा भोग्नुपरेको समस्या र त्यसका निदानका लागि मन्त्रालयले चाल्नु पर्ने कदमको विषयमा धनुषाको विदेह र जनकनन्दनी नगर पालिकाका किशोरीहरुले मन्त्री सरितालाई अवगत गराउनु भएको थियो । केहीबेरका लागि मन्त्री बन्नुभएको सरिताले आम नागरिकले उठाएका विषयवस्तुलाई सम्बोधन गर्नका लागि मन्त्रालयमा उपस्थित स्वास्थ्यमन्त्री सिंहलाई आग्रह गर्नु भएको थियो ।

बाँकी पृष्ठ ३ मा

# आर्थिक मन्दीका कारण गौशाला बजारका व्यापार घटदै

● नरेन्द्र महतो




गौशाला । आर्थिक मन्दिका कारण गौशाला बजारमा व्यापार दिनप्रति दिन घटदै गईरहेको छ । महोत्तरी जिल्लाको मुख्य व्यापारी केन्द्रको रुपमा रहेको गौशाला बजारको स्थिति नाजुक बन्दै गईरहेको बजारमा संचालन गर्दै आईरहेका कृष्ण हार्डवेयर स्टोर्सका संचालक संतोष चौधरीले बताएका छन् । ५ करोड वैक बाट ऋणलिई संचालन गरेको पसलमा दिनमा ५ हजारको पनि बिक्रि भईरहेको छैन । ८ प्रतिशतमा लिएको ऋण अहिले १६ प्रतिशतमा पुगेको कारण नाफाको त कुरै छोडनु वैकको व्याज पनि बुझाउने स्थितिमा नरहेको चौधरीको भनाई छ। यस्तै वजारको यस्तो आबस्था रहे भने भोलि पसल बन्द गर्नु पर्ने अवस्था आउन सक्छ चौधरीले भने । त्यसै गरि गौशालाको पुल चौकमा २० वर्ष भन्दा माथिको देखि संचालनमा रहेको दुर्गा बैट्रिकको अवस्था पनि यस्तै रहेको छ। पसलमा दरजा, बैट्री, फ्रिज गरी करोडौ भन्दा बढि पसलमा लगानी रहेको भए पनि आर्थिक मन्दिका कारण सरसमान विक्रि नभएकोले वैकको व्याज तिर्न असमर्थ रहेको पसलका सञ्चालक विशाल कुमार यादवले बताए। जब सम्म वैकहरुले व्याजदर घटाउँदैन तब सम्म व्यापारमा वुद्धि आउने छैन यादवको भनाई छ । सरसमान विक्रि नभएको कारण चिन्तामा डुवेका छौ। हाम्रा जस्ता वजारमा ६० प्रतिशत भन्दा बढी भाडाका सटरहरु खालि भईरहेको अवस्थामा रहेको यादवले बताए। गौशाला बजार भन्दा १५ किलो मिटर दक्षिण भारतीय नाका रहेको कारण यता तिरका ग्राहकहरु भारतीय बजार बाट सरसमान खरीद गरे पछि गौशाला बजारमा विक्रि कम भएको आलु व्यापारीहरु बताउँछन् । अहिले भारतीय बजारमा प्याजको मूल्य भारु ६० प्रति किलो छ भने गौशाला बजार १२० रु प्रति किलो रहेको खुदरा व्यापारीहरु बताउँछन् । उता गौशालामा बजार भारती बजार भन्दा सवै समानहरु दोव्वर मूल्य रहेको कारण हामिहरु भारतीय बजार बाट समान किन्न बाध्य भएका एक स्थानीयले बताए । हामिहरु कुनै रहरले भारतीय बजारमा समान किन्न जाँदैन वाध्ययता हो । नेपाल कृषि प्रधान देश हो तर धान, चामल, आलु, प्याज उत्पादन कम भएको कारण यो अवस्था आएको ग्राहकहरुको भनाई छ ।



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# मस्तिष्कघात न्यूनीकरणमा निष्क्रियता

विश्व मस्तिष्कघात दिवस मनाइरहँदा मस्तिष्कघातमा कमी ल्याउन जनचेतनाको अभाव भएको विज्ञहरुको भनाइ सुन्ने कार्य अनि केही संघसंस्थाबाट सञ्चालित अस्पतालद्वारा 'प्रभात फेरी' कार्यक्रमका साथै सीमित व्यक्तिहरुसँग अन्तरक्रिया गरेर देशको इज्जत बचाइयो। राज्यको नागरिकप्रतिको दायित्व यही हो त ? विश्वमा प्रत्येक वर्ष १ करोड ५० लाख मानिस मस्तिष्कघातबाट पीडित हुन्छन् । प्रभावितमध्ये ५० लाख मानिसको अकालमा ज्यान जाने गरेको छ भने ५० लाख बिरामी अशक्त जीवन जिउन बाध्य छन् । ४ जनामध्ये १ जनामा कुनै न कुनै प्रकारको मस्तिष्कघात हुने गरेको अनुसन्धानले औँल्याइसकेको अवस्थामा सरकार किन मौन ? 'स्केमिक स्ट्रोक' जहाँ मस्तिष्कमा भएका रक्तनलीहरुमा अन्य कुराहरु जस्तै- बोसो (कोलेस्टेरोल), रगतको ढिक्का जम्मा हुने र त्यसले रक्तनली बन्द गर्ने हुनाले मस्तिष्कको तन्तु मर्छ र मस्तिष्कघातको लक्षण देखा पर्छ । त्यस्तै दोस्रोमा 'हेमोरेजिक स्ट्रोक' ले रक्तनली बेलुनजसरी फुल्ने या फुट्ने हुन्छ । यस्ता समस्या विशेष गरी उच्च रक्तचाप भएका व्यक्तिहरुमा हुने गरेको तथ्यांकमा हरेक उमेर समूह पर्ने स्पष्ट छ । त्यसमा पनि पक्षघातका बिरामीमध्ये ८० प्रतिशतलाई 'स्केमिक स्ट्रोक' हुने गर्दछ भने २० प्रतिशतलाई हेमोरेजिक स्ट्रोक भएको पाइएको छ । मस्तिष्कघातपूर्वका लक्षणहरु हुन्- शारीरिक सन्तुलन गुम्नु, आँखा धमिलो हुनु, ज्योति गुम्नु, मुख बाङ्गो हुनु, शरीरको एकतर्फ लुलो हुनु, दुख्नु, झमझमाउनु, बोली लरबराउनु र रोकिनु आदि । यस्ता लक्षण भएको थाहा पाएपछि जतिसक्दो छिटो अस्पताल जान सके जटिलता हुनबाट जोगिन्छ भन्ने जनचेतना जगाउनु आजको आवश्यकता हो । यो उपचार अत्यन्तै महँगो र शहर केन्द्रित हुने हुनाले सरकारले सहुलियत दिएमा पक्षघातलाई कमी ल्याउनुका साथै जटिल अवस्था पुग्नबाट बचाउन सकिन्छ । विश्वमा मृत्युको दोस्रो ठूलो कारण मस्तिष्कघात बन्दै छ। मस्तिष्कघात, पक्षघातलाई पनि हार्ट अट्याकलाई जस्तै प्राथमिकतामा राखी सरकारले जनचेतनाका साथ आर्थिक सहयोगको व्यवस्था गरोस् । पछिल्लो समय खानपान, रहनसहनलगायत बढी तनावग्रस्त जीवन जिउन बाध्य मानिसहरुमा मस्तिष्कघात एउटा जटिल स्वास्थ्य समस्याका रुपमा मौलाएको छ । यो रक्तप्रवाहमा अवरोध भएपछि हुने गम्भीर समस्या हो । मस्तिष्कको कुनै पनि भागमा रक्तनली बन्द भएर वा रक्तनली फुटेर मस्तिष्कघात हुन्छ र पक्षघातसमेत हुने अनि मानिसको ज्यान नै जान्छ । उच्च रक्तचाप, मधुमेहजस्ता जटिल समस्याको विषयमा सरकारले प्राथमिकतामा राखी जनचेतना जगाउनुका साथै उपचारका लागि सर्वसुलभरुपमा चिकित्सक, स्वास्थ्य संस्था र औषधि, उपकरण उपलब्ध गराइयोस् । यस्तो गम्भीर स्वास्थ्य समस्याका विषयमा सरकारले खासै ध्यान दिएको छैन । जसरी सरकारले मुटु, मृगौला रोगीका लागि उपचार गर्न आर्थिक सहयोग गर्छ र जनचेतनामूलक योजनाहरु बनाउँछ तर मस्तिष्कघात र पक्षघातका विषयमा चासो नै दिएको पाइन्न । यसै कारणले मस्तिष्कघात र पक्षघातका बिरामीले समयमै समस्या पहिचान गर्न नसक्ने र समस्या आएपछि उपचारका लागि नजिकको स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी, परीक्षण विधि, औजारको अभावमा ज्यान गुमाउने अनि बाँचेकाहरु पनि जीवनभर विकलांग हुन बाध्य भएका छन् ।

# 'नेतालाई भ्रष्ट बनाउने जनता हुन्'



-आदर्श मण्डल

जहाँका नागरिक रुपैयाँको पछाडि नलागेर भिजन भएको नेतृत्वकर्ता रोजेका छन् । त्यहाँ राम्रो काम, राम्रो विकास भइरहेको छ । जनता पनि खुसी छ्न । उदाहरणको लागि काठमाडौं महानगर पालिका र धरान उप-महानगरपालिका । आजकालको जनता नेतामा भिजन देख्दैनन्, कति पढेका छन् त्यो देख्दैनन् । चुनावमा कतिसम्म खर्च गर्न सक्छन् की सक्दैनन् बाहेक केही देख्दैनन् । नेताको बारेमा दुनियाँमा जो सुकैले जे भनोस् तर मेरो सोच अनुसार नेता भ्रष्ट हुँदैनन् । नेतालाई जनताले भ्रष्टाचारी बन्न बाध्य बनाउँछन् । जुन जनताले चुनाव आगाडी ह्यान्डपाइपको पानी खान्छन्, ती जनतालाई चुनावको बेला मिनरल वाटर चाहियो । तरकारी खाने रुपैयाँ नभएको जनतालाई मासु चहियो । सस्तो रक्सी खाने जनतालाई ब्रान्डडे रक्सी चाहियो चुनावको बेलामा । जनतालाई त्यतिले मात्रै पुग्दैन जातीय दलान चहियो, मन्दिर चहियो । त्यसले पनि पुग्दैन भने भोज भतेरको लागि भाडाकुडा चाहिन्छ । जनताले आपदविपदको बेलामा सहयोग गरेका काम बिर्सेर नेताको पैसा खर्च गराउने मनास्थितिमा मात्रै हुन्छन् । अनि नेताले जनतामा लगानी गरेको रुपैयाँ असुली गर्न तत्तपर हुन्छन् । उसले आफ्नो ब्यक्तिलाई ठेक्का दिन्छन् । ठेकेदार नेतालाई कमिशन पुगाउन चक्करमा हुन्छन्। जसको कारण कमसल कामले कहिले पुल भत्किएको त ,कहिले सडक उदघाट्न नहुँदै भत्किएको, जीर्ण भएको कुरा प्रसस्तै समाचारमा सुन्छौ, देख्छौं । यो सब बदल्ने जनताले मात्रै सक्छ अरु कसैले सक्दैनन् ।

**जनताले यसरी नेतालाई भ्रष्टाचारी बनाउन बाध्य हुन्छ ?**

राजनीतिमा नेतृत्व कर्ता त समाज सेवा र जनता सेवा लागि होमिएका हुन्छन् । तर राजनीति कर्तालाई भ्रष्टाचारी बन्न मजबुर जनताले नै गर्छन् । हरेक मान्छेमा केहि न केही स्वार्थ हुन्छ । म भन्दि कि जनता मात्रै स्वार्थी छन् । राजनीतिकर्मीमा पनि स्वार्थ लुकेको हुन्छ । कि अहिले देखि नै जनताको आपद विपद पर्दा सहयोग गर्छु भने भोलि चुनावमा सहयोग गर्छन् भनेर । अनि मात्रै भोलि चुनाव जित्न सकिन्छ भन्ने आशा हुन्छ राजनीतिकर्मीमा । तर त्यसको ठ्याक्कै उल्टो हुन्छ । चुनाव आएको बेलामा विपदमा सहयोग गर्ने नेतृत्वकर्तालाई जनताले बिर्सन्छन् । त्यति बेला मात्रै ती जनतालाई रुपैयाँ, खसीको मासु, त्यसको जातिको सार्वजनिक दलान, रक्सी खाने आशमा हुन्छन् । नेताले जब जनताको मानसिकता पढ्छ तब राजनीतिक कर्मीले सोच्छ्न "रुपैयाँ खर्च नगरी त चुनाव जित्ने गाह्रो हुन्छ भनेर । तब नेता बाध्यता चुनावमा रुपैयाँ खर्च गर्न होमिन्छन् । जनताको व्यवहार देखेर यसरी नेता भ्रष्टाचारी बन्छन् । नेता सोच्छ्न मैले जनताको त्यत्रो आपद विपदमा सहयोग गरेपनि चुनावमा उठ्दा भोट दिएन । लाखौं ऋण र सरसापट गरी मैले चुनावमा खर्च गरे । अनि चुनाव जितेको हुँ । यदि म चुनाव नजितेको भए मेरो त सारा सम्पत्ति सखाप हुन्थ्यो । मेरो छोराछोरी त सडकमा आइहाल्थे । अब म त निर्वाचित हु । अब भ्रष्टाचार गरिन भने सरकारले दिएको तलबबाट के नै हुन्छ र ? मैले चुनावमा खर्च गरेको ऋण लिएको, रुपैयाँ सपाटी लिएको व्यक्तिलाई कसरी दिनु ? जनतासंग अनुरोध छ। तपाईं भोट नेताको नोट हेरर हैन सोच हेरेर दिनुस् । त्यसले चुनाव जितेपछि बिकास गर्न सक्छ कि सक्दैनन् । त्यो हेरेर भोट दिनुहोस् । मेरो विचार पढेर तपाईं बदलिनुहोस् । अरुलाई पनि बदलिने सुझाव दिनुहोस् । तपाईं हामी सबै मिलेर देशलाई समृद्धि तर्फ लगौं । यो देश बदल्न हामी नोट लिएर हैन, भिजन देखेर नेतृत्व छनोट गरे अबश्य बदलिन्छ ।

लेखक : आदर्श कुमार मंडल नेकपा एसका भातृ संगठन ( अनेरास्वविय़ू केन्द्रिय सदस्य ) तथा राजर्षी जनक विश्वविद्यालय कानुन अध्ययनरत्त छात्र)

# स्वर्णकारलाई गोली हान्ने सुटरले एक महिनाअघि गरेका थिए आफ्नै ग्याङका साथीको हत्या

● टक नेपाल

वीरगञ्ज । बाराको कलैया उपमहानगरपालिका-६ निवासी बाल एकता बोर्डिङ स्कुलका प्रिन्सिपल रुपेश स्वर्णकारलाई गोली हान्ने चारजना मुख्य सुटरहरुले यसअघि पनि बारामै एक जनाको हत्या गरेको खुलेको छ । स्वर्णकारलाई गोली प्रहार गर्ने चार जना भारतीय सुटरहरुले यसअघि गत असोज ९ मा आफ्नै ग्याङका साथीको हत्या गरेका थिए । स्वर्णकालाई गत सोमबार दिउँसो गोली प्रहार गर्ने सुटरहरु भारतको मोतिहारीका २५ वर्षीय सुजित कुमार सिंह, सोही स्थानका २४ वर्षीय चन्चल पाण्डे, २२ वर्षीय मनिष कुमार सहनी र २० वर्षीय कामेश्वर सहनीले गत असोजमा बारामा आफ्नै ग्याङका अजितकुमार सिंहको गोली हानि हत्या गरेका थिए। प्रहरीका अनुसार उनीहरुकै ग्याङका सदस्य रहेका अजितलाई उनीहरुले भारतबाट मोटरसाइकलमा बसाएर नेपाल-भारत सीमाभन्दा करिब ७०० मिटर नेपालतर्फ बाराको पचरौता नगरपालिका-६ लक्ष्मिनियास्थित पोखरीनजिकै टाउकोमा गोली प्रहार गरी हत्या गरेका थिए । प्रहरीका अनुसार अजितकी श्रीमतीसँग सुजितको अवैध प्रेम सम्बन्ध थियो । उनीहरुले भारतको विभिन्न स्थानमा लुटपाट गरेको रकममा भागवण्डाको रकम दिन नपर्ने र अजितको श्रिमती पनि आफ्नो हुने भनेर चारैजनाले अजितकी पत्नी सोनमको योजनामा भारतबाट नेपालमा ल्याएर हत्या गरेका थिए । हत्यामा संलग्न रहेका चारैजना सुटरहरु त्यतिबेला पनि फरार भएका थिए । योजनाकार अजितकी पत्नी सोनमलाई भने प्रहरीले पक्राउ गरेको थियो । गत असोज ९ गते भारतबाट नेपालमा ल्याइ आफ्नै साथीको हत्या गरेर फरार भएका चारैजनाले अहिले फेरि कलैयाका स्वर्णकारलाई गोली हानी फरार भएका छन् । स्वर्णकारलाई गोली हान्ने चारै जना मुख्य सुटरहरु हालसम्म फरार रहेको बारा प्रहरीले जानकारी दिएको छ । उनीहरुको खोजी कार्य तथा स्वर्णकारको हत्याको घटनाको सम्बन्धमा अनुसनधान भइरहेको बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले बताएका छन् । स्वर्णकारको हत्यामा संलग्न रहेको आरोपमा योजनाकार उनकी प्रेमिका कलैया-६ मदरसा टोल बस्ने २२ वर्षीया राधा गुप्ता, सहयोगी तथा सूचना आदानप्रदान गर्ने सोही स्थानका ३४ वर्षीय जमिल अख्तर र वडा नम्बर ९ रामपुर बस्ने २६ वर्षीय रियाज अन्सारीलाई बारा प्रहरीले पक्राउ गरिसकेको छ ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)




हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
- २४ सै घण्टा इमरजेन्सी सेवा
- दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
- भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
- ल्याब सेवा
- अन्तरंग विभाग सेवा

होल बडी चेकअपमा २५% छुट

☎ 044-550527/9801050527/9801150527

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। | तुला | मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ। |
| बृष | शुभचिन्तकहरू टाढिन सक्छन्। अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला। | वृश्चिक | स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल प्राप्त नहोला। |
| मिथुन | विभिन्न अवसर प्राप्त भए पनि काममा अरूको मुख ताक्नाले पछि परिनेछ। | धनु | धन तथा ज्ञानको भण्डार बढ्नेछ भने जीवनशैली आनन्दमय रहनेछ। |
| कर्कट | आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ। परिस्थितिवश आफन्तबाट टाढिनुपर्ला। | मकर | प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त हुनेछ। |
| सिंह | आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। | कुम्भ | अध्ययनमा समय दिन नसकिए पनि ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। |
| कन्या | नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। | मीन | परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# सर्वोच्चको आदेशलगत्तै पक्राउ परे रिगल



● टक नेपाल

नेपालगञ्ज । सर्वोच्च अदालतको आदेशलगत्तै प्रहरीले रिगल भनिने योगराज ढकाललाई पक्राउ गरेको छ। उनलाई बाँके प्रहरीले पक्राउ गरेको हो । प्रहरीले उनलाई नेपालगञ्जको सेतु विक चोकबाट पक्राउ गरेको हो। बाँकेका प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले सेतु विक चोकबाट अपराह्न साढे ४ बजे रिगललाई पक्राउ गरेको जानकारी दिए । संविधान दिवसको अवसरमा सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले दिएको सजाय छुट सर्वोच्चले बिहीबार बदर गरिदिएको थियो। न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, सपना प्रधान मल्ल र कुमार चुडालको इजलासले सजाय छुट बदर गर्दै तत्काल पक्राउ गरेर थुनामा राख्न आदेश दिएको थियो । रिगलमाथि २०७२ साल असार २८ गते नेपालगञ्जको धम्बोजी चोकमा दिउँसो ३ बजेतिर चेतन मानन्धरमाथि खुँडा प्रहार गरी हत्या गरेको अभियोग थियो। हत्या अभियोगमा उनलाई जिल्ला अदालत बाँकेका तत्कालीन न्यायाधीश विष्णु सुवेदीको इजलासले २०७६ साल वैशाखमा दोषी ठहर गर्दै सर्वस्वसहित जन्मकैदको सजाय सुनाएको थियो। साथै, उक्त घटनामा संलग्नअन्य १० जनालाई संलग्नताको प्रकृति हेरर तीन वर्षदेखि १० वर्षसम्म कैद सजाय तोकिएको थियो। उक्त घटना हुँदाका बखत नेपाली कांग्रेसको युवा संगठन तरुण दलमा आवद्ध रहेका रिगललाई संविधान दिवसको अवसमा मन्त्रिपरिषद्को रिफारिसमा राष्ट्रपति पौडेलले कैद माफी दिएका थिए। हत्या आरोप पुष्टि भएका रगललाई कैद माफी दिइएपछि चेतनकी तत्कालीन पत्नी भारतीले सर्वोच्चमा रिट दायर गरेकी थिइन् ।



अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया ग्रप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)








खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।



सुशिल ढकाल
०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी


# अर्थतन्त्रको सङ्कट समाधान गर्न सर्वपक्षीय सम्मेलन जरुरी छ : उपाध्यक्ष पौडेल



● टक नेपाल

काठमाडौं । नेकपा (एमाले)का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले संविधानको प्रभावकारी कार्यान्वयनका लागि सदन प्रभावकारी हुनपर्ने बताउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकको विशेष समयमा बोल्दै उहाँले प्रतिपक्षले उठाएको आवाज सदनमार्फत सरकारले सुन्नुपर्नेमा जोड दिनुभयो । "चालु अधिवेशनमा कहीँ नभएको अभ्यास भएको छ । प्रधानमन्त्री विदेश गए पनि कार्यबाहक प्रधानमन्त्री हुन्छ। तर यहाँ प्रधानमन्त्री विदेश गएको बेलामा सदन बन्द गरियो", एमाले नेता पौडेलले भन्नुभयो, "यस अवधिमा अनुचित लेनदेन सम्बन्धी कानुनमा संशोधनबाहेक अरु कुनै पनि काम गर्न सकेनौँ।" सदनमा आउनुपर्ने विषय नआएको र सात महिनासम्म एउटा मात्र कानुन बन्नुमा सरकार जिम्मेवार रहेको उहाँको भनाइ थियो । उहाँले सदनमा सरकारले सांसदहरुको भूमिका कमजोर बनाउने काम गरेको आरोप लगाउनुभयो । उपाध्यक्ष पौडेलले सदनमा सांसदहरुले उठाएको प्रश्नको सरकारले बेवास्ता गरेको टिप्पणी गर्नुभयो । मुलुकमा सुन तस्करी बढेका बेला धेरै मेहनत गरेपछि जाँचबुझ आयोग बनाएको तर त्यो अनुसन्धानमा सरकारले प्रभावकारी ढङ्गले गर्न चाहेको नदेखिएको बताउनुभयो । हाँले मुलुकमा हिंसा, बलात्कार जस्ता घटना बढिरहेको र कानुनले दोषी ठहर गरेका व्यक्तिलाई सरकारबाट आममाफी दिँदा छुटेको भोलिपल्ट फेरि अपराध कर्ममा लागेको घट्नाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो। "संविधान र कानुन विरुद्धमा अनेकन प्रकारका काम भइरहेका छन् । सरकारको ध्यान त्यसतर्फ जान सकेको छैन", नेता पौडेलले भन्नुभयो, "समाजमा शान्ति सुव्यवस्था कायम गर्ने काममा सरकारको ध्यान जान सकेको छैन। विधिको शासनको सट्टामा कानुन हातमा लिने काम भएको छ। स्वेच्छाचारितालाई नियन्त्रण गर्न सरकार गम्भीर हुन सकेको छैन ।" उहाँले शान्ति प्रक्रियामा विलम्ब गर्न नहुने बताउँदै शान्ति प्रक्रियाको बाँकी काम छिट्टै टुङ्ग्याउनुपर्छ भन्नेमा एमालेको स्पष्ट धारणा रहेको बताउनुभयो । उहाँ देशको मुलुकको अर्थतन्त्र सङ्कटमा रहेको बताउँदै अर्थतन्त्रलाई सङ्कट समाधान गर्न सत्तापक्ष र प्रतिपक्ष सबै मिलेर महासम्मेलन गर्न जरुरी रहेकोमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "तथ्याङ्कले देशको अर्थतन्त्र सङ्कटमा छ भन्ने देखाउँछ। समस्या दिनदिनै विकराल बन्दै गएको छ तर सरकार बेखबर छ । सरकारले निर्माण सम्पन्न भएको आयो जनाको भुक्तानी दिन सकेको छैन। अर्थतन्त्रको सङ्कट समाधान गर्न सरकार असफल भएको छ।" सरकारले भैरहवा, पोखरा विमानस्थल सम्पन्न भएका आयोजना सञ्चालन गर्न नसकेको उहाँले आरोप लगाउनुभयो ।

## १४ वर्षीया सरिता मधेश प्रदेश.................................

उक्त कार्यक्रममा स्वास्थ्य मन्त्रालयसँग उठेका विषयवस्तुबारे जवाफ दिनुहुँदै मधेश प्रदेशका स्वास्थ्यमन्त्री सिंहले स्वास्थ्य क्षेत्रमा सुधार भएको अनुभूति आम नागरिकले गर्ने किसिमबाट मन्त्रालयले कामकाज गरीरहेको बताउनु भयो । उहाँले यस आर्थिक वर्षमा जनशक्ति व्यवस्थापन, उपकरणको खरिद र भौतिक पूर्वाधारको निमार्ण हुने किसिमले बजेट बिनियोजन भएको बताउनुहुँदै फागुन मसान्त सम्ममा प्रत्येक प्रादेशिक अस्पतालमा जनशक्ति र उपकरणको प्रयाप्त व्यवस्थापन गरिने बताउनु भयो। उहाँले स्वास्थ्यसम्बन्धी हरेक गतिविधिमा एकरुपता कायम गर्न संघ संस्थाहरुसँग मन्त्रालयले सहकार्य गरी अघि बढन तयार भएको भन्दै यस प्रकारको कार्यक्रमलाई अझै प्रभावकारी बनाउनका लागि व्यापकता दिन उहाँले प्लान इन्टरनेशनललाई आग्रह गर्नुभयो । प्लान इन्टरनेशनल नेपालका प्रत्याभूत सञ्चार संयोजक अन्जु साकयले कार्यक्रम सञ्चालन गर्दै हाल सम्म ५१ जना किशोरीले विभिन्न पदको पद हस्तान्तरण गरी सकेको र अझै यो अभियान जारी रहने बताउनु भयो। कार्यक्रममा प्लान इन्टरनेशनल नेपालका पूर्व क्षेत्रिय कार्यालयका क्षेत्रिय प्रबन्धक रविशंकर पण्डितले किशोरीहरुको समान शक्ति, समान स्वतन्त्रता र समान प्रतिनिधित्वका लागि अभियान सञ्चालन गरिएको जानकारी दिनुहुँदै विश्वको ७५ वटा देशमा यो कार्यक्रम भइरहेको बताउनु भयो । समाजमा जकडिएको लैङ्गिक विभेदका कारण बालकको तुलनामा बालिका तथा किशोरीहरू बढी विभेद, हिंसा, दुर्व्यवहारको जोखिममा हुने भएकोले यस प्रकारको कार्यक्रमले बालिकाहरुको आत्मबल बढने प्लान इन्टरनेशनल नेपालका काजल झाले बताउनु भयो । कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता रहेको थियो ।


अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल

साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर

बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)

हाम्रो सेवाहरु



- २४ सै घण्टा इमरजेन्सी सेवा
- २४ सै घण्टा मिडियो एक्स-रे सेवा
- २४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
- २४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
- हाड जोनी तथा नशा रोग सेवा
- कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४ सै घण्टा अपरेशन सेवा
- २४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- छाती, मुटु तथा पेट रोग विशेषज्ञ
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ

विशेषज्ञ डाक्टरद्धारा दैनिक OPD सेवा

9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

## टी-२० विश्वकपको फाइनलमा उत्कृष्ट खेल्ने
# २ नेपाली खेलाडीलाई ठाकुरले ५०/५० हजार नगद दिने



● टक नेपाल

जनकपुरधाम। हिन्दु धर्म संरक्षक अभियन्ता विकास ठाकुरले आइसीसी टी-२० विश्वकपको फाइनल खेलमा नेपाली टीमबाट उत्कृष्ट खेल्ने खेलाडीलाई पुरस्कार घोषणा गरेका छन्। मनोबल उच्च बनाउन सर्वाधिक रन बनाउने र सर्वाधिक विकेट लिने दुई खेलाडीलाई व्यक्तिगत तर्फबाट उनले ५०/५० हजार रुपैयाँ दिने घोषणा गरेका हुन्। नेपालका खेलाडीहरूको मनोबल उच्च बनाउनका साथै खेलकुद क्षेत्रको उन्नयनमा टेवा पुगे उद्देश्ले पुरस्कार घोषणा गरेको ठाकुरले बताए।

# उखु कृषकले पाए अठार करोड भुक्तानी



● टक नेपाल

महोत्तरी। महोत्तरीका उखु कृषकले लामो समयपछी उखुको अनुदान रकम पाएका छन यो वर्ष समयमै निकासा नआउँदा उखु किसानका खातामा रकम पठाउन ढिलो भएको कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिका) महोत्तरीले जनाएको छ। सरकारले क्रसिङ सिजन २०७९/८० मा चिनी मिललाई उखु उपलब्ध गराएका महोत्तरीका किसानको खातामा १८ करोड रुपैयाँभन्दा बढी रकम भुक्तानी गरेको छ। गत वर्ष सरकारले दसैं अघि नै अनुदान रकम उपलब्ध गराएको थियो। कोष तथा लेखा नियन्त्रण कार्यालय (कोलेनिका) का अनुसार जिल्लामा साना ठुला गरी दुई वटा चिनी मिल सञ्चालनमा छन्। दुवै मिलमा उखु दिएका १२ हजार ६७३ जना कृषकको खातामा १८ करोड ४७ लाख ९९ हजार रुपैयाँ निकासा गरिएको छ। कोलेनिका प्रमुख बालकृष्ण अधिकारीका अनुसार क्रसिङ सिजन २०७९/८० मा रामनगर स्थित एभरेस्ट सुगर मिललाई उखु दिने १२ हजार ५९० किसानको खातामा १८ करोड ४१ लाख ५२ हजार रुपैयाँ अनुदान निकासा गरिएको छ। यो पटक एभरेस्टले २६ लाख ३० हजार ७४७ क्विन्टल उखु क्रसिङ गरी दुई लाख ४२ हजार तीन क्विन्टल चिनी उत्पादन गरेको थियो। यो चिनी उत्पादन गत वर्षको तुलनामा ६१ हजार ८४४ क्विन्टलले बढी हो। त्यस्तै गत वर्षदेखि सञ्चालनमा आएको सिद्धिविनायक चिनी मिलले भने यो वर्ष अपेक्षाकृत उखु क्रसिङ गर्न सकेन। क्रसिङ सिजन २०७९/८० का लागि केबल ८३ जना कृषकले उखु उपलब्ध गराएका थिए। कृषकको खातामा छ लाख ४७ हजार अनुदान रकम पठाइएको अधिकारीले जनाउनुभयो। गत वर्ष क्रसिङ सिजनमा ५१ हजार ४७२ क्विन्टल उखु क्रसिङ गरी छ हजार क्विन्टल चिनी उत्पादन गरेको सिद्धिविनायकले यो पटक भने नौ हजार २४५ क्विन्टल मात्र उखु क्रसिङ गर्न सकेको थियो। सरकारले गत वर्षदेखि अनुदान रकम ६५ रुपैयाँबाट बढाएर प्रतिक्विन्टल ७० रुपैयाँ गरेपछि किसानले केही राहत महसुस गरेका थिए। तर, ढिलो गरी पाएको अनुदान रकम उखु किसानका लागि 'हर्ष न विस्मात' को स्थिति भएको उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेश कुशवाहाले बताउनुभयो। "सरकारले ढिलै भए पनि आखिर अनुदान त पठायो तर यही अनुदान रकम दसैँअघि नै दिएको भए उखु किसानलाई अझ बढी राहत र उत्साह थप्ने थियो," कुशवाहाले भन्नुभयो। अहिले उखुको मूल्य उद्योगले ५४० र सरकारले अनुदानबापत ७० गरी प्रतिक्विन्टल ६१० कायम गरिएको छ। उखु कृषकले भने चिनीको मूल्य आकासिँदै गएको अवस्थामा प्रतिक्विन्टल उखुको न्यूनतम मूल्य ७५० रुपैयाँ कायम गर्नुपर्ने माग राख्दै आएका छन्।

# मधेस प्रदेशमा दशगजा क्षेत्रका सीमास्तम्भ मर्मत सुरु

● टक नेपाल

जनकपुरधाम। सशस्त्र प्रहरी बल नेपालले मधेस प्रदेशका आठवटै जिल्लास्थित नेपाल-भारत दशगजा क्षेत्रमा रह का सीमास्तम्भको पुन:निर्माण, मर्मत सम्भार र पुन:स्थापना सुरु गरेको छ। धनुषाको मुखियापट्टी मुसहरनीया गाउँपालिका-६ जटही नाका नजिक रहेको सीमास्तम्भ नं २८५/४ बाट मर्मतसम्भार सुरु गरिएको सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिबासका प्रमुख, सशस्त्र प्रहरी नायब महानिरीक्षक दीपेन्द्र शाहले जानकारी दिनुभयो। प्रदेशका आठ जिल्लामा रहेका चार हजारभन्दा बढी स्तम्भमध्ये पहिलो चरणमा नेपाल पक्षबाट विजोर नम्बरका एक हजार भन्दा बढी सीमास्तम्भको आवश्यकतानुसार पुन:निर्माण, मर्मतसम्भार र पुनः स्थापनाको काम गरिने शाहको भनाइ छ। "विसं २०७७ साउन १९ गते नेपाल सरकार मन्त्रिपरिषद् बैठकले गरेको निर्णयअनुसार बनाइएको 'सीमा क्षेत्रमा रहेका सीमास्तम्भहरुको निर्माण, मर्मतसम्भार र पुनःस्थापनासम्बन्धी मापदण्ड २०८०' बमोजिम आजदेखि विजोर नम्बरका सीमास्तम्भको पुनःनिर्माण, मर्मत सम्भार र पुनःस्थापनाको काम सुरु भएको छ", सशस्त्र प्रहरी नायब महानिरीक्षक शाहले भन्नुभयो, "यस कार्यले सीमाको संरक्षण हुनुका साथै सीमा क्षेत्रमा हुने विवाद, सुरक्षा चुनौती र नेपाल–भारत द्विपक्षीय हितका विषयमा पनि सूक्ष्मरुपमा अध्ययन गर्न सघाउ पुग्नेछ। यसकार्यमा स्थानीय जनप्रतिनिधिको महत्वपूर्ण सहयोग रहने छ भन्ने विश्वास लिएका छौं।" त्यसैगरी भारतीय सीमा सुरक्षा बल नं ४८ बटालियनका डेपुटी कमान्डर सन्तोषकुमार निमोरियाले दुई देशका सरकारले गरेका निर्णय र समभदारीअनुसार आफूहरु सीमा सुरक्षाको संवेदनशीलताबारे गम्भीर रहेको बताउनुभयो। नेपालले बिजोर र भारतले जोर सीमास्तम्भको मर्मतसम्भार गर्ने सहमतिअनुसार आफूहरुले पनि आवश्यक कार्य अगाडि बढाउने र जसले सीमास्तम्भको मात्र नभइ दुई देशको सुरक्षा, सद्भाव र सीमासम्बन्धी प्राविधिक जटिलता समाधानका लागि पनि सहयोग पुग्ने उहाँको भनाइ थियो। त्यसअवसरमा नगराईन नगर पालिका प्रमुख विनयकुमार यादव, मुखियापट्टी मुसहरनिया गाउँपालिका अध्यक्ष जयकुमार यादव, सम्बन्धित वडाध्यक्ष, सशस्त्र प्रहरी बल धनुषाका प्रमुख, प्रहरी उपरीक्षक दिनेश मल्ल, नेपाल पत्रकार महासङ्घ धनुषा अध्यक्ष मनिका झालगायत सरोकारवालाको उपस्थिति थियो। यसअघि यही कात्तिक १ गते सशस्त्र प्रहरी बल नेपाल नं २ छिन्नमस्ता बाहिनी मुख्यालय बर्दिवासले भारतीय सीमासँग जोडिएका नेपालतर्फका एक सय ४३ वडाका वडाध्यक्षसँग छलफल गरी सीमा सुरक्षा, तिनको संरक्षण, सीमा क्षेत्रका समस्या, चुनौती र समाधानका विषयमा सुझाव लिएको थियो।

## घर भाडा सम्बन्धी सूचना

महोत्तरीको गौशाला नगरपालिका ५ स्थित समिर गेष्ट हाउस रहेको भवनको पहिलो तला खाली रहेको हुँदा भाडामा लिन चाहनु हुने व्यक्ति अथवा संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलोकनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ।

**घरधनीको नाम : साबिर हुसेन**
**ठेगाना : गौशाला नगरपालिका- ५**
**मो. : 9819879988, 9844275864**



प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९

## श्री गणेश ईन्जिनियरिङ्ग मर्मत केन्द्र

बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ।

## Healthy Living Nepal Pvt. Ltd.

Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)

बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४

हरेक प्रोडक्टमा बम्पर अफर !





जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

## शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com